नेपाल राष्ट्र बैंक
केन्द्रीय कार्यालय
विदेशी विनिमय व्यवस्थापन विभाग

इ.प्रा.परिपत्र संख्या–४६३ मिति: २०६४/६/१५

**इजाजत प्राप्त "क" र राष्ट्रियस्तरका "ख" वर्गका बैंक तथा वित्तीय संस्थाहरु।**

विषय : **खाने तेल आयात गर्नेसम्बन्धमा।**

महाशय,

नेपाल सरकार, उद्योग वाणिज्य तथा आपूर्ति मन्त्रालयको मिति २०६४/६/१० को पत्रानुसार औद्योगिक प्रवर्द्धन वोर्डको १८१ औं बैठकवाट खाने तेल आयात गर्ने सम्वन्धमा देहायका व्यवस्था लागू गर्ने निर्णय भएकोले सोही बमोजिम गर्नु/गराउनु हुन विदेशी विनिमय (नियमित गर्ने) ऐन, २०१९ (संशोधन सहित) को दफा-१२ ले दिएको अधिकार प्रयोग गरी यो परिपत्र जारी गरीएको छ।

१. आयातकर्ता फर्म/कम्पनीले बजारमा सोझै विक्री वितरण गर्ने प्रयोजनको लागि बढीमा २० किलोग्रामको Consumer Pack को Size मा मात्र प्रशोधित तेल आयात गर्न पाइने। सो भन्दा बढी तौलको Consumer Pack वा खुल्ला प्रशोधित तेल आयात गर्न नपाइने।

२. उत्पादकमुलक उद्योगहरुले कच्चा बस्तुको रुपमा प्रयोग गर्ने तेल Bulk मा आयात गर्दा खाद्य प्रविधि तथा गुण नियन्त्रण विभागको सिफारिस र मापदण्ड बमोजिम मात्र आयात गर्न पाउने।

३. उद्योगहरुले अन्य कुनै बस्तु उत्पादन गर्न आफूले मात्र विशेष किसिमले प्रयोग गर्ने गरी कच्चा पदार्थको रुपमा आयात गर्ने प्रशोधित तेल उदाहणार्थ Noodles को लागि आफैले प्रयोग गर्ने Refined Bleached and Deodorised (RBD) Palm Oil र यस्तै अन्य उद्योगले प्रयोग गर्ने RBD Canola Oil, RBD Superpalmolein, RBD Ground Nut Oil, RBD Coconut Oil, Refined Mustard Oil, Coconut Oil, Clove Leaf Oil जस्ताको हकमा माथि उल्लिखित व्यवस्था लागू हुने छैन।

क्रमशः

इ.प्रा.परिपत्र संख्या: ४६३

४.	यस सम्वन्धमा इ.प्रा. परिपत्र संख्या ३८९ मिति २०६३/१२/११ को परिपत्र तथा पत्रसंख्या: वि.आ.विविध/६/०६४/.६५ च.नं. २२७ मिति २०६४/६/१ को पत्रवाट भएका निर्देशन खारेज गरिएको छ ।

भवदीय,

(रामजी रेग्मी)
कार्यकारी निर्देशक

**बोधार्थ:**

१.	गभर्नरको कार्यालय ।
२.	डेपुटी गभर्नरको कार्यालय ।
३.	नेपाल सरकार, अर्थ मन्त्रालय, आ.का.नी.तथा.वि. महाशाखा ।
४.	नेपाल सरकार, अर्थ मन्त्रालय, राजस्व महाशाखा ।
५.	नेपाल सरकार, उद्योग बाणिज्य तथा आपूर्ति मन्त्रालय, उद्योग विभाग: तहांको प.सं.अ.द.०६४/६५/२१५ च.नं.९८५ मिति २०६४/६/१० को पत्रानुसार ।
६.	नेपाल सरकार, उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय, बाणिज्य विभाग ।
७.	नेपाल सरकार, अर्थ मन्त्रालय, भन्सार विभाग, त्रिपुरेश्वर :- मातहतका कार्यालयहरुलाई जानकारी गराइ दिनु हुन ।
८.	बैंक तथा वित्तीय संस्था नियमन विभाग ।
९.	बैंक सुपरिवेक्षण विभाग ।
१०.	वित्तीय संस्था सुपरिवेक्षण विभाग ।
११.	आन्तरिक लेखा परिक्षण विभाग ।
१२.	सूचना प्रविधि विभाग :- यस विभागको वेभ साइटमा राखिदिनु हुन ।
१३.	नेपाल बैंकर्स संघ ।
१४.	नेपाल विकास बैंक संघ ।